मिति २०७६।०९।०१ गते

## प्रेस विज्ञप्ती

यस प्रदेश नं. २ का धनुषा । सिरहा जिल्लाहरुमा पछिल्लो केही समय देखि भइरहेको बम विस्फोटका घटनाबाट भएका मानवीय तथा भौतिक क्षतिप्रति हाम्रो ध्यानाकर्षण भएको छ ।

धनुषा जिल्लाको क्षिरेश्वरनाथ नगर पालिका वार्ड नं. ५ स्थित महेन्द्रनगरमा वस्ने राजेश साहको घरमा २०७६ मंसिर २७ गते करिब अ.राती १२ वजे भएको बम विस्फोटमा परी मृत्यु भएका ईलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रमुख , प्रहरी निरिक्षक अमिर कुमार दाहाल, स्थानीय राजेश साह र निजको छोरा आनन्द कुमार साह प्रति भावपुर्ण श्रद्धाञ्जली व्यक्त गर्दै उक्त घटनामा घाइते हुनु भएका प्रकाश साह, अंजली साह, भिखारी साह , अकवर मन्सुर , सकिला खातुन र प्रहरी रिजनाथ महतो समेतका व्यक्तिहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ ।

त्यसैगरी १३ औ दक्षिण एसियाली खेलकुद (साग) अन्तर्गत कुस्ती खेलको उद्घाटन समारोहमा २०७६ मंसिर २० गते राती आयोजकले जनकपुर उपमहानगरपालिका-१३ स्थित कमर्ड हलको कम्पाउण्डमा पटाका (बम) पड्काएका थिए । यसरी पटकाएको पटाकाको उचित व्यवस्थापन नगरेको कारणले सोही स्थानमा वस्ने ११ वर्षीय नावालक आलोक राउतले सोही पटाका संकलन गरि घरमा लगेर पड्काउने क्रममा मंसिर २१ गते विहान ९ वजे गम्भिर घाइते हुनु भयो र मंसिर २४ गते उपचारको क्रममा विपि कोइराला मेमोरियल अस्पताल धरानमा मृत्यु भयो । यसरी खेलकुद आयोजकको कमजोरीका कारण बालकको ज्यान गएको घटनाप्रति पनि हाम्रो ध्यानाकर्षण भएको छ र हामी पीडित परिवारलाई न्याय तथा उचित क्षतिपुर्तिको लागि सरकारसँग माग गर्दछौं ।

त्यसैगरी सिरहा जिल्लाको लक्ष्मीपुर पतारी गाउँ पालिकाको कार्यालयमा मंसिर २७ गते रातीमा भएको बम विस्फोटमा उक्त कार्यालयमा भौतिक क्षति भएको थियो । त्यससंगै मंसिर २९ गते धनुषाको विभिन्न ३ ठाउँमा शंकास्पद वस्तु फेला परेको र आम सर्वसाधारणमा त्रास सृजना गरेको थियो । जनकपुर उप–महानगर पालिका - ९ स्थित वागवानीदेखि संकटमोचन मन्दिरतर्फ जाने बाटोमा राति ९ बजे र मंसिर ३० गते विहान जनकपुर - ९ कै सरस्वती माध्यमिक विद्यालय र र धनुषाधाम नपा-५ पर्वताको मााध्यमिक विद्यालयको झ्यालमा देखिएको शंकास्पद वस्तुले जनजीवन त्रसित बनाएको देखियो ।

यस्ता घटनाहरुको निष्पक्ष छानविन, बम विस्फोटमा परि मृत्यु भएका परिवारलाई उचित क्षतिपूर्ति, घाइतेहरुको स्वास्थ्य उपचारको उचित व्यवस्था तथा घटनाका सलग्न रहेका व्यक्तिहरुलाई कानूनी कारवाहीका लागि हामी सम्बन्धित निकायसंग माग गर्दछौं ।

यसरी प्रदेश नं.२ का जिल्लाहरुमा शान्ति सुरक्षामा असर पार्ने गरी भईरहेको घटनाले आम नागरिकको सुरक्षामा गम्भिर प्रश्न उठेको छ । विगत केही दिनदेखि धनुषा जिल्लाको शान्ति सुरक्षा र धनजनको क्षतिको सन्दर्भमा राज्यलाई गम्भिर भई शान्ति सुरक्षा प्रदान गर्न र भयमुक्त वातावरणको सृजनाको गर्न लागि सम्बन्धी सबैमा आग्रह गर्दछौं । अपराध र आपराधिक गतिविधिले कसैलाई फाईदा नपुग्ने भएकाले मानवअधिकारको प्रत्याभुती हुने कार्य गर्न गराउन सबैमा हार्दिक अनुरोध गर्दछौं ।

क) अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) प्रदेश नं.२

ख) एडभोकेशी फोरम, प्रदेश नं. २

ग) तराइ मानवअधिकार रक्षक संजाल( थर्ड एलाइन्स) प्रदेश नं. २

घ) ओरेक नेपाल

ङ) महिला अधिकार रक्षक संजाल , धनुषा

च) जिल्ला युवा संजाल, धनुषा

छ) निल हिरा समाज, धनुषा

ज) उन्नत नेपाल